# निर्वाचन सशस्त्र प्रहरीको विदाई

सशस्त्र प्रहरी बल नेपालका विभिन्न कार्यालयहरुमा भर्ना भएका निर्वाचन सशस्त्र प्रहरीहरुको फागुन २८ गते विदाई गरिएको छ । फागुन २१ गते प्रतिनिधि सभा सदस्य निर्वाचनको लागि सशस्त्र प्रहरी बल नेपालमा कुल १५ हजार १ सय १० जना निर्वाचन सशस्त्र प्रहरी भर्ना गरिएको थियो । उनीहरुलाई देशको विभिन्न निर्वाचन क्षेत्रहरुमा निर्वाचन अवधिभर सशस्त्र प्रहरी कर्मचारीहरुसँगै परिचालन भएको थिए । यसकासाथै सशस्त्र प्रहरी बल नेपालले निर्वाचन सशस्त्र प्रहरीहरुलाई विपद् सूचकको रुपमा समेत सहकार्य गर्नेछ ।


नं. ७ बैद्यनाथ वाहिनी मुख्यालय कैलाली


नं. १३ गण पर्सा


नं.४३ रिजर्भ गण वनवेहडा कैलाली


नं.३४ गण कैलाली


नं. २० विपद् उद्धार गण काठमाडौं


सल्यान गुल्म


नं. ४४ गण दार्चुला


दंगा नियन्त्रण रेजिमेन्ट काठमाडौं


बाजुरा गुल्म


नं. १ बराह वाहिनी मुख्यालय सुनसरी


नं. ३० गुल्म स्याङ्जा


नं. ९ गण महोत्तरी


नं. २२ गुहेश्वरी गण भक्तपुर


नं. ५१ गुल्म बैतडी


नं. ९ पशुपतिनाथ वाहिनी मुख्यालय काठमाडौं


नं. १८ बाघभैरव गण


नं. ४९ गुल्म अछाम


जाजरकोट गुल्म

# संगठनमा कार्यरत हरेक कर्मचारीहरूको आ-आफ्नो दर्जा अनुरूप कामकारवाहीको भूमिका उत्तिकै रहने हुँदा प्रत्येक कर्मचारी सदैव उत्कृष्ट ढंगबाट कार्यसम्पादनका लागि तल्लिन रहनुपर्दछ'-सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्याल

## प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गराउन सशस्त्र प्रहरी बल नेपालबाट परिचालित सुरक्षा फौज



नं. १ श्रीअन्तु गण इलाम



नं. १२ गण बारा


नं. ६ गण सप्तरी


नं. ३२ गुल्म मनाङ


गुल्म पूर्वी रुकुम


नं. ३० गुल्म स्याङजा


नं. २७ गण रुपन्देही


नं. ३३ गण जुम्ला


नं. ४४ गण दार्चुला


नं. ४४ गुल्म हुम्ला


नं. ३४ गण कैलाली


नं. २२ गुह्येश्वरी गण भक्तपुर

## उद्धार/विविध

### धादिङको भैंसेगौडामा भएको बस दुर्घटनामा उद्धार





पोखराबाट काठमाडौंतर्फ आउँदै गरेको यात्रुवाहक बस फागुन ११ गते राती धादिङ जिल्लाको बेनिघाट रोराङ गाउँपालिका-५ भैंसेगौडामा दुर्घटना भएको छ ।

दुर्घटनामा परी १८ जनाको घटनास्थलमा र १ जनाको उपचारको क्रममा मृत्यु भएको छ भने २५ जना घाईते भएका थिए । उक्त बसमा ४४ जना यात्रुहरु सवार रहेको बताईएको छ ।

ग २ ख १४२१ नम्बरको यात्रुवाहक बस त्रिशुली नदिको किनारमा खसेको भन्ने जानकारी पाउनासाथ विपद् व्यवस्थापन तालिम शिक्षालय कुरिनटार र विपद् व्यवस्थापन बेश आद्रमघाटबाट खटिएको सशस्त्र प्रहरीसहित नेपाली सेना र नेपाल प्रहरीको संयुक्त टोली उद्धार कार्यमा खटिएको थियो ।

### पौडी खेल्ने क्रममा नदिमा डुबेर बेपत्ता भएकाको शव फेला



पौडी खेल्ने क्रममा कर्णाली नदिमा डुबेर बेपत्ता भएका भुपाराम रावलको शव सशस्त्र प्रहरीको गोताखोरले फागुन २४ गते फेला पारेको छ ।

दैलेख जिल्लाको गुराँस गाउँपालिका १ बस्ने १७ वर्षिय भुपाराम रावल उक्त नदिमा पौडी खेल्ने क्रममा फागुन २२ गते दिउँसो करीव २ बजे डुबेर बेपत्ता भएको बताईएको छ । उनी बेपत्ता भएको भन्ने नं. ६ महेश्वरी वाहिनी मुख्यालय सुर्खेतलाई जानकारी गराएपछि सशस्त्र प्रहरी नायव निरीक्षक चेतन रास्कोटीको कमाण्डमा खटिएको गोताखोरसहितको टोली र गुल्म हेक्वा दैलेखको संयुक्त टोलीले खोजीकार्य गर्ने क्रममा उनको शव सोही ठाउँमा फेला पारेको थियो ।

### निर्वाचन सामाग्री बोकेको गाडी रामेछापको सिरुवारीमा दुर्घटना



रामेछाप जिल्लाको रामेछाप नगरपालिका-२ स्थित सिरुवारीमा फागुन १८ गते निर्वाचन सामाग्री बोकेको गाडी दुर्घटना भएको छ ।

दुर्घटनामा परी प्रहरी सहायक निरीक्षक पर्शुराम यादवको घटनास्थलमै मृत्यु भएको छ भने गाडीमा सवार ७ जना घाईते भएका छन् । उक्त गाडीमा ११ जना सवार रहेको बताईएको छ । उनीहरुमध्ये ३ जना गाडीबाट हाम फालेका थिए । मन्थलीबाट मतदान केन्द्र कालिका देवी माध्यमिक विद्यालय र देउराली माध्यमिक विद्यालयको निर्वाचन सामाग्रीसहित कर्मचारी लिएर जाँदै गरेको गाडी सडकबाट करीव २ सय मिटर तल खसेर दुर्घटना भएको थियो । सो दुर्घटना लगत्तै विपद उद्धार बेश खुर्कोटबाट सशस्त्र प्रहरी नायव निरीक्षक रमेश बहादुर थापाको कमाण्डमा गोताखोर र विपद् व्यवस्थापन तालिम प्राप्त टोली उद्धार कार्यमा खटिएको थियो । उद्धार पश्चात घाईते लाई उपचारको लागि मन्थली अस्पतालतर्फ पठाईएको छ ।



सुत्केरी महिलाको उद्धार गरी सम्बन्धित स्थानसम्म पुऱ्याउँदै पूर्वी रुकुम गुल्मको सुरक्षा फौज ।

### फेवातालमा खसेको कार निकालियो



कास्की जिल्लाको पोखरा महानगरपालिका-६ पामेस्थित गैह्राकोचौतरा नजिक फेवातालमा खसेको कार बाहिर निकालिएको छ । बिएए १५८२ नम्बरको कार फागुन २ गते राति गति अनियन्त्रित भई उक्त तालमा खसेको थियो ।

सो दुर्घटनमा स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका-५ स्थायी घर भई हाल पोखरा महानगरपालिका-७ मासबार बस्ने २४ वर्षिय अदित गुरुङलाई सशस्त्र प्रहरी बल नेपालको गोताखोर टोलीले अचेत अवस्थामा उद्धार गरेको थियो । उद्धार पश्चात उपचारको लागि गण्डकी मेडिकल कलेज पोखरा पठाईएकोमा सोही राति नै उनलाई डाक्टरले मृत्यु घोषणा गरेको थियो ।

दुर्घटना लगत्ते नं. २४ कालिका गण कास्कीबाट गोताखोरसहितको टोली उद्धार कार्यमा खटिएको थियो । उक्त तालमा खसेको कार क्रेनको सहायताले बाहिर निकालिएको छ ।

### नगरकोटबाट भक्तपुरतर्फ आउँदै गरेको कार दुर्घटना



भक्तपुर जिल्लाको चाँगुनारायण नगरपालिका-८ वन कार्यालयस्थित बागेश्वरी भवनको अगाडी फागुन १८ गते कार दुर्घटना भएको छ ।

नगरकोटबाट भक्तपुरतर्फ आउँदै गरेको बा ५ च ७८८१ नम्बरको कार सडकबाट करीव २ सय मिटर तल खसी दुर्घटना भएको हो । सो कारमा सवार ५ जनामध्ये ४ जना घाईते भएका छन् ।

सो दुर्घटना लगत्तै सशस्त्र प्रहरी बल नेपाल निर्वाचन क्षेत्र नम्बर १ को स्ट्राइकिङ टोली उद्धार कार्यमा खटिएको थियो । उद्धार पश्चात घाईतेहरुलाई उपचारको लागि जिल्ला अस्पताल भक्तपुरतर्फ पठाईएको छ ।



कास्की जिल्लाको पोखरा महानगरपालिका-१५ चोरसाँघुस्थित सेती नदीको पुलबाट हाम फालेर बेपत्ता भएका व्यक्तिको उद्धार तथा खोजी कार्यको लागि खटिएको नं. २४ कालिका गण कास्कीको फौज ।



पूर्वी रुकुम जिल्लाको पुथा उत्तरगंगा गाउँपालिका ठेउखोलास्थित जिल्ला पश्चिम रुकुम बाफिकोट गाउँपालिका-२ पिपल बस्ने करीव २२ वर्षिय युवक मोटर साइकल दुर्घटनामा परी हराएका युवकको शव निकाल्दै गुल्म पूर्वी रुकुमको सुरक्षा फौज ।



काभ्रे जिल्लाको महाभारत गाँउपालिका-४ स्थित गोठडाँडामा भएको आगलागी नियन्त्रण गर्दै नं. १५ गण काभ्रेपलाञ्चोकको सुरक्षा फौज ।



इलाम जिल्लाको इलाम नगरपालिका-६ पिपलबोटेमा भएको आगलागी नियन्त्रण गर्दै नं. १ श्रीअन्तु गण इलामसहितको संयुक्त सुरक्षा फौज ।



ताप्लेजुङ जिल्लाको फुङलिङ नगरपालिका-८ जलधारेपाखास्थित जंगलमा भएको आगलागी नियन्त्रण गर्दै नं. १ कंचनजंघा गुल्म ताप्लेजुङको सुरक्षा फौज ।



काठमाडौं महानगरपालिका-१५ कारखानाचोक स्थित भएको आगलागी नियन्त्रण गर्दै नं. १९ बगलामुखी विशेष कार्यदल गण काठमाडौंको सुरक्षा फौज ।

